नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

प.सं.: २०८१।०८२ धादिङबेशी, धादिङ

च.नं.: बागमती प्रदेश, नेपाल

मिति: २०८१/११/१८

**दोश्रो पटक प्रकाशित मिति २०८१/११/१८**

आर्थिक बर्ष २०८१/०८२ को लागि प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजन भई आएको सशर्त अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८१ तथा सोहि कार्यविधिको अधिनमा रही नीलकण्ठ नगरपालिका नगरकार्यपालिकाबाट स्वीकृत प्रदेश सरकारबाट स्थानीय तहमा विनियोजन भई आएका पशु सेवा तर्फको सशर्त अनुदान कार्यक्रम संचालन निर्देशिका,२०८१" बमोजिम उल्लेखित कार्यक्रमहरु सञ्चालन गर्न ईच्छुक आवेदकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन सम्म कार्यालय समय भित्र प्रस्ताव दर्ता गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । साथै रीत नपुगी वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेस हुन नसक्ने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| क स. | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु. | प्रस्ताव पेश गर्ने सक्ने सम्भावित साझेदारहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | बाखा प्रवर्दन कार्यक्रम नीलकण्ठ न.पा.-१० | १ | १०,००,०००/- | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी | आवेदकसँग कम्तिमा १५ वटा माउ बाखा हुनुपर्नेछ । समूहको हकमा कम्तिमा ३ जना बाखापालक सदस्य भई प्रतिपालक सदस्यले १० वटा माउ बाखा एकै समुहमा राखी पालेको हुनुपर्नेछ सहकारीको हकमा ५० वटा माउ बाखा एकै समुहमा राखी पालेको हुनुपर्नेछ ।आवेदक नी.न.पा. वडा नं १० को हुनुपर्नेछ । |
| २ | भैसी प्रवर्दन कार्यक्रम नीलकण्ठ न.पा.-१० | १ | १०,००,०००/- | व्यवसायिक कृषक/कृषक समुह/कृषि सहकारी | आवेदकसँग कम्तिमा ३ वटा माउ भैसी हुनुपर्नेछ । समूह /सहकारीको हकमा आफ्नै स्वमित्वमा वा सामुहिक रुपमा एकै स्थानमा भैसीपालक सदस्य भई कम्तिमा ५ वटा माउ भैसी पालन गरिरहेको हुनुपर्नेछ । आवेदक नी.न.पा. वडा नं १० को हुनुपर्नेछ। |

प्रस्ताव साथ सम्मिलित हुनुपर्ने कागजातहरुः

१. अनुसूची २ अनुसारको आवेदन पत्र

२. अनुसूची- ३बमोजिमको संक्षिप्त कार्ययोजना /अनुसूची -५ बमोजिमको प्रतिवद्वता पत्र/अनुसूची-७ बमोजिमको स्व-घोषणा पत्र,

३. सम्बन्धित व्यक्तिको नेपालि नागरिकताको प्रमाणित प्रतिलिपि,

४. फर्म/संस्था दर्ता नवीकरण, स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्र,कर चुक्ताको प्रमाणित प्रतिलिपि

५. कृषक समुह/कृषि सहकारीको हकमा कार्यक्रम पेश गर्ने तथा अख्तियारी दिने सम्बन्धि बैठकको निर्णयको प्रतिलिपि,

६. सम्बन्धित वडाको सिफारिस-पत्र,

७. जग्गाको स्वामित्व देखिने प्रमाण पत्र वा भाडामा भए कम्तिमा ५ बर्षको करार सम्झौता पत्र,

८. प्रस्तावको मुल्यांकन गर्दा हाल पालन पोषण गरिरहेको पशुसंख्यालाई समेत आधार मानिने हुँदा अनिवार्य रुपमा संख्या फरक नपर्ने गरी संख्या उल गर्नुपर्ने छ

९. बैदेशिक रोजगारबाट फर्केका भए सो सम्बन्धि बिवरण

१०. बजारिकरणको सम्बन्धमा भएको सम्झौता वा सहमतीको प्रमाण

११. कार्यक्रम संचालन गर्ने प्रमुख व्यक्ती /व्यवस्थापक /काममा संलग्न व्यक्तीले सम्बन्धित कार्यक्रम संग लिईको अनुभव तालिम प्रमाणपत्रको प्रतिलिपी

१२. अन्य आवश्यक कागजातहरु